# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०४।२७ गते

## प्रेस विज्ञप्ति

### विषय: नियन्त्रणमा लिइएको ।

-----------------------------------------

जिल्ला डोटी लानाकेदारेश्वर सव डिभिजन वन कार्यालयका कार्यालय प्रमुख सहायक वन अधिकृत (आठौं तह) सुरेश चन्द्र डि.सी.ले सरूवा भई डिभिजन वन कार्यालय कञ्चनपुर हाजिर हुन जाने क्रममा सेवाग्राहीको काठको छोड पुर्जीको सिफारिस लगायत कागजी प्रकृया सहज गरिदिए बापत घुस रिसवत बुझी धनगढीतर्फ गइरहेको भन्ने सूचनाको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट स्थलगत खटिई गएको टोलीले निज सुरेश चन्द्र डि.सीलाई घुस रिसवत मध्येको रू.३,२६,०००।–(तीन लाख छब्बीस हजार मात्र) घुस रिसवत रकम सहित जिल्ला डडेलधुरा भातकाँडाबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता